जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८० पृष्ठः ४ | २०८२ फाल्गुन १९ मंगलबार (Tuesday 03 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## राज्यलाई गिज्याईरहेको सिरहाका सामुदायिक विद्यालय



सिरहा, १८ फाल्गुन। तस्विरमा देखिएको सिरहा नगरपालिका १५ सुखचैना पर्साही धानुकटोमा रहेको दलित दीप आधारभुत विद्यालय हो। यहाँ देखिएको भवन भत्केको वर्षदिन वितिसक्दापनि यसको मर्मत हुन सकेन। भत्केकै भवनको चिसो भुईमा बोरा ओछ्याएर यहाँ दलित गरिवका करिव २०-२५ जना बच्चाहरु नियमित पढ्न आउने स्थानीयको भनाई छ। यो विद्यालयमा भवनसँगै पीउने पानी, शौचालयको छैन। विकासको बात बरबराएर नथाक्ने नेताको नजरमा यो विद्यालय पर्दैन। सिरहा सदरमुकाम रहेको पालिकामा अवस्थित यो विद्यालय अहिले निर्वाचन क्षेत्र नम्वर ३ मा पर्छ।

## बस र मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु, एक गम्भीर

सिरहा, १८ फाल्गुन। पूर्व–पश्चिम राजमार्गअन्तर्गत सिरहाको गोलबजार नगरपालिका–३ जमनटोकी नजिक आइतबार राति बस र मोटरसाइकल एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने एक जना गम्भीर घाइते भएका छन्। मृत्यु हुनेमा धनगढीमाई नगरपालिका–८ का ३७ वर्षीय सन्तोष महतो र २० वर्षीय अमन राय रहेका छन्।

गोलबजारबाट पूर्वतर्फ जाँदै गरेको स. ५ प ४७५९ नम्बरको मोटरसाइकल र धरानबाट भैरहवातर्फ जाँदै गरेको लु. २ ख १०८५ नम्बरको बस ठोक्किँदा गम्भीर घाइते भएका उनीहरूको स्थानीय स्वास्थ्य संस्थामा उपचारका क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक सुधन केसीले जानकारी दिए।

दुर्घटनामा परी १७ वर्षीय धिरज मण्डल सख्त घाइते भएका छन्। प्रहरीका अनुसार मृतक र घाइते तीनै जना एउटै मोटरसाइकलमा सवार थिए। घाइते मण्डलको हाल विराटनगरमा उपचार भइरहेको छ भने मृतकहरूको शव पोस्टमार्टमका लागि लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पतालमा राखिएको छ। प्रहरीले बस र चालकलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## रौतहटमा शंकास्पद वस्तु फेला, डिस्पोज गर्दा भेटियो माटोको थुप्रो

वीरगन्ज, १८ फाल्गुन। रौतहटमा सोमबार बिहान शंकास्पद वस्तु फेला परेको छ। रौतहटको राजपुर नगरपालिका वडा नम्बर–५ पानीटंकी नदीको गलीमा शंकास्पद वस्तु फेला परेको रौतहट प्रहरीले जनाएको छ। पानीटंकी नदीको सडकछेउमा शंकास्पद वस्तु ड्रम राखिएको रौतहट प्रहरी प्रमुख एसपी सिताराम रिजालले बताए। उनका अनुसार ग्रामीण सडक किनारमा बेवारिसे अवस्थामा रहेको ड्रम देखेपछि स्थानीयले प्रहरीलाई जानकारी गराएका थिए।

त्यसलगत्तै प्रहरीको टोली घटनास्थलमा पुगेको उनको भनाइ छ। ड्रममा भेटिएको शंकास्पद वस्तु माटोको थुप्रो रहेको रौतहट प्रहरीले जानकारी दिएको छ। गौर पुरेनवास्थित नारायण दल गणबाट नेपाली सेनाको बम डिस्पोजल टोली डिस्पोज गर्दा माटोको थुप्रो भेटिएको प्रहरीले जनायो।

## सिरहामा सेनाको आधुनिक बख्तरबन्द गाडी परिचालनसहित सैन्य गस्ती

**मणिलाल विश्वकर्मा**

लहान, १८ फाल्गुन। २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न नेपाली सेनाले सुरक्षा गस्ती बढाएको छ। मतदानको पाँच दिनअघि आइतबार धनुषासँग सीमा जोडिएको कमला पुलबाट सेनाको आधुनिक बख्तरबन्द गाडीहरू



पूर्व-पश्चिम लोकमार्ग, जिल्ला सदरमुकाम सिराहा पुगेर हुलाकी सडक हुँदै सप्तरीतर्फ गएको छ। पूर्व-पश्चिम लोकमार्ग र हुलाकी सडक क्षेत्रमा सेनाको उपस्थिति र विशेष गस्तीले निर्वाचनका वेला हुन सक्ने अवाञ्छित क्रियाकलाप नियन्त्रण र आमनागरिकलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउने विश्वास गरिएको छ। निर्वाचनको सन्दर्भमा

–बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

### तनाव व्यवस्थापनमा परिवारको भूमिका

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौ र सहानुभूति प्रकट गरौ।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौ।
- सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौ।
- घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौ।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
- साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।
- आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## आर्थिक पारदर्शिताको उल्लंघन

निर्वाचन आयोगले राजनीतिक दलहरूको चुनाव प्रचारलाई मितव्ययी र आर्थिकरूपमा पारदर्शी बनाउने उद्देश्यले बैंकिङ प्रणालीमार्फत् कारोबार गर्न गरेको आग्रह अधिकांश दलले पालन गरेका छैनन्। राजनीतिक दल र उमेदवारहरूलाई फागुन ४ अगावै बैंकमा खाता खोलेर आयोगलाई जानकारी दिन दिइएको थियो। निर्वाचनमा सहभागी ६३ वटा दलमध्ये ११ वटाले मात्र बैंकमा खाता खोलेको जानकारी आयोगलाई दिएका छन्। उमेदवार र दलहरूलाई प्राप्त हुने स्वेच्छिक चन्दा पारदर्शी र वैध बनाउने उद्देश्यले आयोगले 'निर्वाचन प्रचार प्रसार बैंक खाता सञ्चालन तथा व्यवस्थापन कार्यविधि' निर्माण गरिसकेको छ।

आयोगको निर्देशनअनुसार बैंकमा खाता खोल्ने प्रमुख दलहरूमा नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, नेकपा संयुक्त, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी लगायत रहेका छन्। नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टीलगायतका दलहरूले भने निर्वाचन प्रयोजनका लागि छुट्टै बैंक खाता खोल्ने निर्देशन अटेर गरे। कार्यविधिअनुसार निर्वाचन प्रचारका लागि आर्थिक सहयोग लिएर गरिने आम्दानी खर्चको कारोबार बैंकमा छुट्टै खातामार्फत गर्नुपर्ने व्यवस्था छ। छुट्टै खाता खोलेर कारोबार गर्ने निर्देशन पनि निर्वाचन आचारसंहितामा पर्ने हुनाले अटेर गर्ने दल र उम्मेदवारलाई निर्वाचन कसुर तथा सजाय ऐनअन्तर्गत कारबाही हुनसक्छ।

कानुनमा यसरी अटेर गर्ने दललाई एक लाखसम्म जरिवाना वा उमेदवारी खारेजसम्म हुनसक्ने प्रावधान रहेको छ। नेपालको निर्वाचन आयोगले अहिलेसम्म कानुनका निषेधात्मक प्रावधानहरू कडाइकासाथ लागु नगरेकाले नै सम्भवतः दल र उमेदवारहरूले अटेर गरेको हुनसक्छ। तर यो विषय कानुन पालनभन्दा पनि बढी राजनीतिक दलका नेताहरूको नैतिकतासँग जोडिएको देखिन्छ। अपारदर्शी आर्थिक कारोबार भ्रष्टाचारको मुख्य कारण हो। निर्वाचनमा हुने खर्च सरकारी कामकाजमा हुने ठूला भ्रष्टाचारसँग प्रत्यक्ष जोडिएको हुन्छ। निर्वाचन प्रयोजनका लागि अलग्गै खाता सञ्चालन गरिए आयोगले त्यसको निगरानी र छानबिनसमेत गर्न सक्छ। यसैले छुट्टै खाता खोल्न अटेर गर्नेहरूले अवैध स्रोतको रकम त प्रयोग गरेका छैनन् भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो।

भदौ २३ को युवा आन्दोलनको एउटा माग भ्रष्टाचार नियन्त्रण भए पनि अधिकांश राजनीतिक दलका नेताहरूले त्यसलाई गम्भीरतापूर्वक लिएनन्। विडम्बना, ुजेन(जी आन्दोलनको अपनत्व लिएको दाबी गर्ने दल पनि त्यसैमा सामेल भएको देखिएको छ। यो राजनीतिक विकासको विद्रूप प्रहसन हो। अधिकांश दल र तिनका नेताहरूले जनतासमक्ष सधैँजसो ढाँट्ने गरेका छन्। तिनको कथनीमा विश्वास गर्नसकिने आधार देखिँदैन। यो निर्वाचन प्रयोजनका लागि खाता खोल्ने विषय एउटा प्रतिनिधि उदाहरण हो। निर्वाचन प्रयोजनका लागि निर्धारित आर्थिक अनुशासनसमेत उल्ल न गर्न नहिचकिचाउने राजनीतिक दलका नेताको भ्रष्टाचार नियन्त्रणको वाचा पत्याउनु आफैँलाई धोका दिनुजस्तै हो। मतदानपूर्व मनन गरौँ।

# कस्तो नेता चुन्ने ?

## जिम्मेवार नेताले संयम पनि गुमाउँदैन, उसमा 'छिनमा तोला छिनमा मासा' प्रवृत्ति हुँदैन



**गोविन्द अधिकारी**

देशमा भ्रष्टाचार, आर्थिक सुस्ती, बेरोजगारी, अराजकतालगायत थुप्रै समस्या थिए। राजनीतिक नेतृत्वको सत्ता मोह सम्भवतः सबैजसो समस्याको कारक थियो। सामान्यरूपमा नेतृत्व फेरिएको वा शीर्ष कहलिएका नेताहरूको नियत बदलिएको भए पनि सायद समस्या समाधानउन्मुख हुनेथियो। तर, परिवर्तनको दबाब परिरहेकै बेला भदौ २३ को आँधी आयो र २४ को विध्वंस रचियो। अनि मुलुक समस्याको तहबाट झरेर संकटको भासमा भासियो। अहिले मुलुकका संकट छ। आसन्न निर्वाचनमा मतदाताको विवेक पुगेन भने संकट झन् बढ्नसक्छ। नेपालको संविधान, २०७२ ले सामाजिक न्यायलाई पनि संस्थागत गरिदिएको छ। नेपाली समाजको विविधता शासनमा पनि अभिव्यक्त हुने केही उपायहरू संविधानमै अपनाइएको छ। त्यस्तै उपायमध्ये एउटा हो समानुपातिक प्रतिनिधित्व।

विडम्बना, संविधानको यही उन्नत र न्यायपूर्ण प्रावधान प्रतिनिधि सभामा कुनै एउटा दलको पूर्ण बहुमतका लागि तगारो बन्ने गरेको छ। सम्भवतः यसपटक पनि प्रतिनिधि सभामा कुनै एउटा दलको एकल बहुमत आउनेछैन। राजनीतिक दलका नेताहरूको पुरानै सत्तालोलुप प्रवृत्ति दोहोरियो भने देशको संकट अझ गहिरो हुनसक्छ। अर्कातिर, नेता न आयात गर्न सकिन्छ न कुनै कारखानामा बनाउनै सकिन्छ। तर, हामीले अपनाएको दलगत प्रणाली र आंशिक भए पनि लोकतान्त्रिक अभ्यास नेतृत्व विकासमा सहयोगी हुन्छ। अनि, अहिले निर्वाचनमा जुनजुन दलका जोजो नेता प्रतिस्पर्धामा छन् तिनीहरूबाट मुलुक सु ने अपेक्षा गर्नुपर्ने बाध्यता पनि छ। भलै, यो अपेक्षा महाभारत युद्धको अन्त्यमा शल्यलाई सेनापति बनाएर युद्ध जित्ने दुर्योधनको आशाभन्दा पनि बलियो किन नलागोस् !

राष्ट्र संकटमा छ र निर्वाचनबाट गतिलो नेतालाई नेतृत्व दिनसके संकटमोचन हुने बाटो खुल्छ भन्ने स्वीकार गर्ने हो कुन दललाई मत दिने हो भन्ने निर्णय गर्न सजिलो हुन्छ। 'देश जाओस् भड्खला' भन्ने ठान्ने हो भने त आँखा चिम्लेर छाप लगाए पनि भैगो। देश सामान्य अवस्थामै भएको भए पनि सही नेतृत्व छान्न नागरिकका हैसियतले मतदाताको कर्तव्य हो। त्यसमाथि अहिले त देश संकटमा छ। यसैले नेतृत्व छनोटमा थप बुद्धि पुऱ्याउनु पर्ने देखिन्छ। देशलाई संकटबाट किनारा लगाउन नेतृत्वमा सुझबुझ, लोकतान्त्रिक संस्कार, जिम्मेवारीबोध, संयम, सदाचार, ( मानवीय र भूराजनीतिक) संवेदनशीलता र परिपक्वता तथा सक्रियता आवश्यक हुन्छ। जनताका समस्या र तिनको समाधानका सम्बन्धमा आवेग वा उत्तेजना होइन सुझबुझपूर्ण दृष्टिकोण भएको नेताले मात्रै नेपालीजस्तो विविधता, बहुलता र जटिलता भएको समाजको नेतृत्व गर्न सक्छ। आलोचना सहन र अरूको विशेषगरी विपक्षीको पनि अस्तित्व स्वीकार गर्न सक्ने लोकतान्त्रिक संस्कार भएको व्यक्तिले मात्र लोकतान्त्रिक पद्धति सफलतापूर्वक हाँक्न सक्छ। यस्तै नेताले स्वाभिमान र आत्ममुग्धताबीच फरक थाहा पाउन सक्नुपर्छ। लोकतान्त्रिक संस्कार भएको व्यक्तिले आफूलाई 'खास' र जनतालाई 'आम' ठान्दैन। कसैलाई विशेष र कसैलाई मामुली मान्दैन। नेता जनताको बीचमा पुग्छ र रहन्छ। लोकतान्त्रिक संस्कार भएको नेताले संवाद, सहकार्य र सहिष्णुतामा माध्यमबाट समस्याको समाधान खोज्छ। कसैसँग पनि संवाद नगर्ने 'दुर्योधन हठ' गर्दैन।

असल नेताले देश र समाजप्रतिको जिम्मेवारी कहिल्यै बिर्सँदैन। हिंसात्मक वा उत्तेजक प्रवृत्ति लोकतान्त्रिक हुनसक्तैन र हिंसा र उत्तेजना फैलाएर देशलाई सङ्कटबाट मुक्त गर्न पनि सकिँदैन। । यसैले उसका बोली र व्यवहार दुवै उत्तेजना फैलाउने वा द्वेष बढाउने प्रकृतिका हुँदैनन्। जिम्मेवार नेताले संयम पनि गुमाउँदैन। उसमा 'छिनमा तोला छिनमा मासा' प्रवृत्ति हुँदैन। भुल गरेको भए स्वीकार्छ। आफूलाई सच्याउँछ। कस्तै अवस्थामा पनि असल नेताले संयम गुमाउँदैन।

यस्तै अर्को गुण सदाचार हो। नेतृत्वको व्यक्तिगत आचरणमै प्रश्न उठेको छ भने त्यो दल वा नेताबाट राम्रो हुने अपेक्षा राख्नु गलत हुन्छ। आर्थिक, सामाजिक र नैतिक आचरणमा चुकेको व्यक्तिको देशभक्ति सधैँ संदिग्ध हुन्छ। कुनै बेलाका कमजोरी देखाएर त्यस्ता व्यक्तिलाई गलत तत्त्वले परिचालन गर्न सक्छ। स्वदेशी वा विदेशी तत्त्वले 'ब्ल्याकमेल' गर्न सक्छ। राज्य चलाउने नेतृत्व लागुपदार्थको दुर्व्यसनमा परेको पनि हुनुहुँदैन। आर्थिक भ्रष्टाचारमात्र होइन नैतिक र सामाजिक दुराचार पनि उत्तिकै त्याज्य र वर्जित हुनुपर्छ। नेता कुनै जिन वा जासुस होइन। यसैले ऊ रहस्यको पर्दाभित्र रहनु हुँदैन। खुलापन र पारदर्शिता नरुचाउनेले नेतृत्व गर्नु पनि हुँदैन। आधुनिक नेता 'रबिनहुड' बन्न खोज्नु हुँदैन।

यस्तै लोकतान्त्रिक नेतामा संवेदनशीलता पनि हुनुपर्छ। मानवीय कष्ट र पीडामा रमाउने वा बेवास्ता गर्ने परपीडक प्रवृत्तिको व्यक्ति आदर्श नेता बन्न सक्तैन। समाजको कमजोर वर्गदेखि व्यक्तिसम्म सबैप्रति नेता संवेदनशील हुनुपर्छ। यस्तै, नेपालको भूराजनीतिक संवेदनशीलताप्रति सधैँ सजग रहने, नेपाली समाजको सांस्कृतिक, भाषिक तथा जातिगत विविधता, बहुलताको सम्मान गर्नुका साथै संवेदनशील पनि रहने व्यक्तिमात्र सही अर्थमा नेता कहलिन सक्छ।

भावि नेतृत्व परिपक्व भएन भने जटिल संकटको सामना गर्न सक्तैन। सामाजिक, राजनीतिक जीवनमा खारिएको अनुभव नै उसको सफलताको सिँढी बन्नसक्छ। ऊ अध्ययनशील होस्। उसमा युगबोध होस् र ऊ इतिहासको पनि ज्ञाता होस्। अनिमात्र ऊ परिपक्व, सदाचारी र संवेदनशील नेता बन्न सक्छ। आगामी निर्वाचनबाट नेपाली नागरिकले यस्तै सुझबुझ, लोकतान्त्रिक संस्कार, जिम्मेवारीबोध, संयम, सदाचार, संवेदनशीलता, परिपक्वता र सक्रियताजस्ता गुणहरू भएको नेतृत्व चयन गर्न सकौँ ! हामी सबैका लागि यो चुनौती, अवसर र चेतावनी पनि हो। बाह्रखरीबाट

# 'मौन अवधि' के हो ? मौन अवधि उल्लङ्घन भए के कारबाही हुन्छ ?

काठमाडौँ, १६ फागुन। आसन्न प्रतिधिसिभा सदस्य निर्वाचनअन्तर्गत राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारको अवधि आज मध्यरातदेखि सकिँदैछ। निर्वाचन आयोगले दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि आजराति १२ बजेसम्म प्रचारप्रसारको समय प्रदान गरेको छ। मतदान हुनु ४८ घण्टाअघिबाट मतदान सम्पन्न नभएसम्म कायम हुने मौन अवधिमा प्रचारप्रसार, भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइने छैन। मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्ने गरी हिँडडुललगायतका क्रियाकलाप गर्न नपाइने आयोगले जनाएको छ।

मौन अवधिमा निर्वाचनलाई प्रभाव पार्ने हिसाबले आर्थिक कारोबार गरिएको भेटिएमा उम्मेदवारी खारेजी मात्रै नभई छ वर्षसम्म कुनै पनि निर्वाचन प्रक्रियामा भाग लिन नपाउने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले जानकारी दिनुभयो। निर्वाचनलाई प्रभाव पार्ने गतिविधिमाथि शून्य सहनशीलताको नीति अवलम्बन गरिने आयोगले स्पष्ट पारेको छ। मौन अवधिले स्वच्छ र स्वतन्त्र वातावरणमा विवकेपूर्ण ढङ्गले मतदान गर्न मतदातालाई अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ। निर्वाचन व्यवस्थापन गर्ने निकायलाई सबै किसिमको बन्दोबस्त गरेर शान्ति, सुरक्षा र सुव्यवस्थासहित भयसहित वातावरणमा निर्वाचन गर्न मौन अवधि महत्वपूर्ण रहन्छ।

निर्वाचन प्रचारप्रसार अभियान क्रममा मतदातालाई विभिन्न किसिमका तनाव, दबाब र आश्वासन निरन्तर प्राप्त भइरहने अवस्थामा सबैको कुरालाई मन्थन गरेर उपयुक्त व्यक्तिलाई मतदान गर्नका निम्ति 'फ्रेस' भएर जानसक्ने अवस्था सिर्जना गर्न मौन अवधिको परिकल्पना गरिएको हो। आ–आफ्नो दृष्टिकोण, योजना र कार्यक्रम लिएर मतदातासम्म पुगेका उम्मेदवार र राजनीतिक दललाई आफ्नो प्रचारप्रसारको ठण्डा दिमागले समीक्षा गरेर आनन्दले मतदान गर्न जाने र मतपरिणाम कुर्ने समयका रूपमा लिइने गरिएको छ। मौन अवधिको समय निर्वाचन व्यवस्थापकीय हिसाबले पनि अत्यन्त महत्वपूर्ण हुनेछ। मौन अवधिले निर्वाचन गराउने जनशक्ति र सुरक्षा फौजलाई सबैखाले कामबाट मुक्त गरेर शान्तपूर्ण वातावरणमा निर्वाचनको व्यवस्थापन गर्ने अवसर प्रदान गर्छ। यस अवधिमा मतदान केन्द्र बनाउने, मतदाता लाइनको व्यवस्थापन गर्ने, शान्तिसुरक्षाको अवस्था मूल्याङ्कन गर्ने गरिन्छ। विश्वका कतिपय मुलुकमा २४ देखि ७२ घण्टासम्म मौन अवधि तोक्न चलन छ।

भयरहित वातावरणमा प्रभावकारी ढङ्गले निर्वाचन सम्पन्न गर्ने र मतदातालाई सुसूचित भई सचेततापूर्वक खुला दिमागले 'योग्य र रोजेको' उम्मेदवारलाई मतदान गर्नका निम्ति निर्णयमा पुग्न प्रदान गरिएको समयका रूपमा मौन अवधिलाई लिइने पूर्वप्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया बताउनुहुन्छ। उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले मौन अवधिमा विशेष आचारण पालना गर्नुपर्ने निर्वाचन आयोगले जनाएको छ। मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरी राखिएका आआफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाएको हुनुपर्ने निर्वाचन आचारसंहितामा उल्लेख छ। सो अवधिमा एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइने छैन। त्यस्तै उम्मेदवार वा राजनीतिक दलको प्रचारप्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न पाइँदैन।

आउँदो बिहीबार हुने निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन्। प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। त्यस्तै सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार

**–बाँकी तीन पेजमा**

## सिरहामा सेनाको ...

आचारसंहिताको पूर्ण पालना गर्दै सर्वसाधारणको जिउधनको सुरक्षा र शान्ति सुव्यवस्था कायम राख्न प्रतिबद्ध रहेको नेपाली सेनाले जनाएको छ। त्यसअघि शनिबार सेनाको चोहर्वास्थित नन्दाबक्स गणको कमान्डमा सघन सुरक्षा गस्ती र विशेष अभ्यास गरिएको थियो। त्यसक्रममा जिल्लाका चारवटै सुरक्षा क्षेत्रस्थित निर्वाचन स्थल र संवेदनशील केन्द्रहरूलाई लक्षित गरी नेपाली सेना, स्थानीय प्रशासन, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको एकीकृत सहभागितामा अभ्याससहित जिल्लाका १७ वटै स्थानीय तहलाई समेटिने गरी एकैपटक ५७ वटा बृहत् संयुक्त अभ्यास 'पेट्रोल' गस्ती गरिएको थियो।

**६ हजार पाँच सयभन्दा बढी सुरक्षाकर्मी परिचालन**

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चारवटा क्षेत्र कायम गरिएको सिरहामा साना–ठुला दलका ५४ र ८४ जना स्वतन्त्र गरी १३८ जना उम्मेदवार छन्। सिरहाका चारवटा निर्वाचन क्षेत्रअन्तर्गत पर्ने स्थानीय तहहरूमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दुई लाख ४१ हजार ६१५ पुरुष, दुई लाख १२ हजार २८ महिला र दुई अन्य गरी चार लाख ५३ हजार ६४५ मतदाता, २२३ मतदानस्थल र ५३१ मतदान केन्द्र कायम गरिएको छ।

निर्वाचन सुरक्षाका लागि जिल्लाको चारवटै क्षेत्रमा एक हजार चार सय नेपाल प्रहरी, ६ सय नेपाली सेना, सात सय सशस्त्र प्रहरी र तीन हजार आठ सय निर्वाचन प्रहरीसहित हरेक पालिकामा दुई–दुईजनाको दरले राष्ट्रिय अनुसन्धानका कर्मचारी परिचालन गरिएको जिल्ला निर्वाचन कार्यालय सिरहाले जनाएको छ।

# मधेसको मत : होलीकै डर, होलीमै भर

**अमृत चिमरिया**

जनकपुरधाम, १८ फाल्गुन। अहिले मधेसका खेत–खलिहानदेखि सहरका चिया पसलसम्म दुई कुराको चर्चा छ, रङहरूको पर्व होली र सत्ताको छिनाझपटी फैसला गर्ने प्रतिनिधिसभा निर्वाचन। आगामी बिहीबार हुन लागेको निर्वाचनको सरगर्मी जति बढेको छ, उम्मेदवारहरूको ढुकढुकी पनि त्यति नै तीव्र भएको छ। तर यसपटक मधेसको चुनावी परिणामलाई होली पर्वको मनोविज्ञानले पनि असर पार्ने संकेत देखिएको छ। मधेसको राजनीतिमा अहिले होलीको कारण उम्मेदवारलाई थप तनाव भएको देखिन्छ।




मधेस प्रदेशमा होली केवल एउटा पर्व होइन, यो सामाजिक एकता र कहिलेकाहीँ राजनीतिक शक्ति प्रदर्शनको माध्यम पनि हो। यसपटक निर्वाचन र होलीको साइत झण्डै एकै समयमा जुरेकाले उम्मेदवारहरूका लागि यो चुनौती सावित भएको छ। एकातिर मतदातालाई आफ्नो पक्षमा पार्न रङ र अबिरसँगै चुनावी एजेन्डा पुऱ्याउनुपर्ने चुनौती छ भने अर्कोतिर होलीको रमझमले कतै मतदानको प्रतिशत नै घटाउने त होइन भन्ने चिन्ता पनि छ।

**उम्मेदवारहरूको मनोविज्ञान र सकस**

बारा निर्वाचन क्षेत्र नम्बर ४ मा नेपाली कांग्रेसबाट उम्मेदवार बनेका श्यामबाबु गुप्ता यतिबेला घरदैलोमा व्यस्त छन्। तर उनको मनमा एउटा संशय छ। मधेसको मुख्य चाड नै होली भएकाले यसले चुनावी माहोललाई असहज बनाएको उनको अनुभव छ। 'हाम्रो संस्कारमा होलीको छुट्टै महत्व छ, मानिसहरूलाई उत्सवबाट मतदान केन्द्रसम्म लैजानुपर्ने छ। होलीका कारण मतदान प्रतिशतमा असर नपरे पनि कतिपय अवस्थामा खेलबाड हुने डर छ,' उनी भन्छन्।

यस्तै चिन्ता बारा क्षेत्र नम्बर २ का प्रगतिशील लोकतान्त्रिक पार्टीका उम्मेदवार शिवचन्द्र कुशवाहाको पनि छ। उनी निर्वाचनको मिति तय गर्दा प्रशासन र निर्वाचन आयोगले मधेसको सांस्कृतिक संवेदनशीलतालाई नबुझेको गुनासो गर्छन्। उम्मेदवार, मतदाता र सुरक्षाकर्मी सबैलाई होली र चुनाव एकैपटक व्यवस्थापन गर्न हम्मेहम्मे परेको उनको तर्क छ। 'चाडबाडको बेला मानिसहरू खानपिन र रमाइलोमा मस्त हुन्छन्, यस्तो बेला सुरक्षा व्यवस्था कडा पार्नु र मतदातालाई शान्त राख्नु कम चुनौतीपूर्ण छैन,' कुशवाहा भन्छन्।

**मंगलबारको रङ र बुधबारको 'सेलिब्रेसन'**

गत स्थानीय तह निर्वाचनमा सर्लाहीको रामनगर गाउँपालिकाको उपाध्यक्ष पदका प्रत्यासी तथा अवकाशप्राप्त प्रहरी नायब निरीक्षक रामविनोद राय मधेसको होलीको चरित्रलाई नजिकबाट नियाल्छन्। उनका अनुसार मधेसमा होलीको रङ दुई–चार दिनसम्मै चल्छ। यसपटक मंगलबार मुख्य होली परेको छ। तर धार्मिक विश्वासका कारण मंगलबार धेरैले मासु–मदिरा र रङ नखेल्ने हुँदा त्यसको वास्तविक उत्सव बुधबार मनाइने रायको विश्लेषण छ।

'बुधबार मधेसभरि भोजभतेर र रङको उत्सव हुन्छ, तर बिहीबार त मतदान नै छ,' राय भन्छन्, 'बुधबार रातभर उत्सव मनाउने मतदाता बिहीबार बिहानै उठेर लाइन लाग्न आउलान् कि नआउलान् ? उम्मेदवारहरूको मुख्य डर नै यही हो।' यही मनोविज्ञानका कारण उम्मेदवारहरूले यसपटक मतदातालाई 'ब्युँझाउन' अतिरिक्त मिहिनेत गर्नुपर्ने देखिएको छ।

**'साम, दाम, दण्ड, भेद' र होलीको भारी खर्च**

मधेसको चुनावमा खर्चको विषय सधैँ चर्चामा रहन्छ। यसपटक होलीले उम्मेदवारहरूको खर्चको ग्राफलाई आकाशमा पुऱ्याइदिएको छ। रातोपाटीको स्थलगत रिपोर्टिङ टिमसँग नाम नबताउने सर्तमा एक उम्मेदवारले भने, 'मधेसमा चुनाव जित्न साम, दाम, दण्ड, भेद सबै चाहिन्छ। अझ होलीको समयमा त मतदाताको अपेक्षा झनै बढ्छ। गाउँका समूहहरूलाई होली खर्च, मासु र रक्सीको व्यवस्था नगरिदिए मत अन्तै मोडिने खतरा छ।'

ती उम्मेदवारका अनुसार अहिले एउटा क्षेत्रमा करोडौँको खर्च भइसकेको छ र होलीको नाममा थप खर्चको दबाब छ। 'यहाँ कसैले दूधले नुहाएको छैन, सबैले खर्च गरिरहेका छन्। मतदाता तान्न र जोगाउन अहिले होली एउटा ठुलो माध्यम बनेको छ,' उनी भन्छन्। सप्तरी–२ मा जसपाका उमेश यादव र पूर्व मुख्यमन्त्री समेत रहेका स्वाभिमान पार्टीका सतिश सिंह पनि होलीको नयाँ माहोलले चुनौती दिएको बताउँछन्। उनीहरूका अनुसार एक चरणको घरदैलो सकिए पनि होलीले पुरानो समीकरण भत्काएर नयाँ समीकरण बनाइदिने डर छ।

**मतदाता गाउँ फर्किंदा उत्साह**

परम्परागत दलहरू होलीको माहोलले त्रसित भइरहँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारहरू भने उत्साहित देखिन्छन्। यसको मुख्य कारण हो, होली मनाउन घर फर्किने युवा र विद्यार्थीहरू। काठमाडौँ, हेटौँडा, भारत र वैदेशिक रोजगारीमा रहेका मधेसी युवाहरूको होली मनाउन गाउँ फर्किने लर्को लागेको छ। रास्वपाका एक उम्मेदवार भन्छन्, 'यसपटक होलीले हाम्रा लागि 'गेम चेन्जर' को काम गर्दैछ। बाहिरबाट आउने विद्यार्थी र सचेत युवाहरूले गाउँमा नयाँ लहर ल्याएका छन्। उनीहरूले पहिले नै फोन गरेर परिवारलाई घण्टीमा भोट हाल्न भनिसकेका छन् र अहिले आफैँ उपस्थित भएर प्रभाव पार्दैछन्।' शिक्षित युवाहरूको घर फिर्तीले परम्परागत दलहरूको 'पैसा र मदिरा' को राजनीतिलाई धक्का दिने अपेक्षा गरिएको उनी बताउँछन्।

पर्सा–२ का प्रलोपाका उम्मेद्वार अमिताभ बच्चन दास पनि यसपटक मतदान प्रतिशत बढ्नेमा आशावादी छन्। बाहिरबाट मानिसहरू गाउँ फर्किने भएकाले नयाँ मतदाताको प्रवेशले पुराना अनुमानहरू फेरबदल हुन सक्ने उनको ठम्याइ छ।

**सुरक्षा चुनौती र साम्प्रदायिक संवेदनशीलता**

होली र निर्वाचनको संयोगले स्थानीय सरकार र प्रशासनको निकायलाई पनि तनावमा पारेको छ। वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह र जितपुरसिमरा उपमहानगरपालिकाका मेयर राजन पौडेल दुवैले यस समयलाई 'अति संवेदनशील' मानेका छन्। होलीमा मदिरा सेवनका कारण हुने सानातिना विवादले साम्प्रदायिक वा राजनीतिक हिंसाको रूप लिन सक्ने खतरा छ। 'चुनाव कसले जित्छ भन्ने एउटा कुरा हो, तर चुनाव भयरहित हुनु सबैभन्दा महत्वपूर्ण हो,' मेयर सिंह भन्छन्। धार्मिक र साम्प्रदायिक हिसाबले मधेसका कतिपय ठाउँ संवेदनशील रहेकाले होलीको रङमा राजनीतिक रिसइबी साँध्ने काम नहोस् भनी प्रशासनले विशेष सतर्कता अपनाउनुपर्ने देखिन्छ।

मधेसका एक प्रमुख जिल्ला अधिकारी भन्छन्, 'यहाँ सानो झिल्कोले पनि आगो लाग्न सक्ने डर छ। एकदम संवेदनशील अवस्था छ। फेरि यहाँ मदिरा र पैसामा धेरै चलखेल हुन्छ। यही बेला होली परेको हामी गम्भीर नै छौँ,' उनी भन्छन्। पर्व र चुनावी रङ एकैसाथ रहँदा मधेसमा उल्लास जति बढेको छ, चुनौती पनि केही अवश्य थपिएको छन्। बिहीबार साँझसम्म जब मतपेटिकाहरू बन्द हुनेछन्, तब मात्र थाहा हुनेछ मधेसमा कसको रङ चढेछ र कसको रङ उडेछ।

# होलीले सांस्कृतिक विविधताका साथै राष्ट्रिय एकताको सन्देश पनि दिन्छ : सभापति थापा

काठमाडौँ, १८ फाल्गुन। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले रङहरूको उत्सवका रूपमा मनाइने फागुपूर्णिमा (होली) ले हाम्रो समाजको जातीय, भाषिक र सांस्कृतिक विविधतालाई उजागर मात्र नगरेर राष्ट्रिय एकताको सन्देश पनि दिने उल्लेख गर्नुभएको छ। होलीको अवसरमा सबैमा शुभकामना व्यक्त गर्दै उहाँले नेपाली समाजमा मनाइने विविध सांस्कृतिक तथा ऐतिहासिक महत्वका चाडपर्वमध्ये फागुपूर्णिमा आपसी प्रेम र एकताको एक विशिष्ट पर्व भएको बताउनुभएको छ ।

नेपालका सबै भूगोल, जातजाति, भाषा, धर्म, चाड, पर्व, कला, संस्कृति, परम्परा र रीतिरिवाजको विविधता नै नेपालको सुन्दर र विशिष्ट पहिचान हो। नेपालको हिमाली र पहाडी क्षेत्रमा फागुन १८ गते तथा तराईमा फागुन१९ गते अत्यन्त उत्साहका साथ एक–अर्कालाई रङ लगाई खुसी साटासाट गर्दै यो पर्व मनाइन्छ।

सभापति थापाले विविध रङहरूजस्तै हाम्रो समाज पनि विविधतापूर्ण रहेको र यही विविधताबीचको एकता नै नेपालीको विशिष्ट पहिचान भएको उल्लेख गर्नुभएको छ। उहाँले असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजयको सन्देश दिने यो पर्वले पारिवारिक स्नेह, आपसी मेलमिलाप, सहिष्णुता र सामाजिक सद्भावलाई अझ सुदृढ बनाउन सबैलाई प्रेरणा प्रदान गर्ने बताउनुभएको छ।

"यसपटक फागुपूर्णिमासँगै हामी प्रतिनिधिसभा सदस्य निर्वाचन लोकतान्त्रिक अभ्यासको एक महत्वपूर्ण उत्सवको सम्मुखमा छौँ। निर्वाचन सफल, शान्तिपूर्ण र मर्यादित रूपमा सम्पन्न हुनेछ भन्ने विश्वास लिएको छु। लोकतन्त्रलाई संस्थागत गर्न र समुन्नत राष्ट्र निर्माणका लागि फागुन २१ को निर्वाचनमा उत्साहपूर्वक सहभागी भई आफ्नो मत प्रकट गर्न सम्पूर्ण नेपालीमा अपिल गर्दछु", सभापति थापाले उल्लेख गर्नुभएको छ।

# देशभर मतदाता शिक्षा कार्यक्रम सम्पन्न, राति १२ बजेदेखि मौन अवधि शुरू हुँदै

काठमाडौँ, १८ फाल्गुन। चुनावको महत्व र मतदान प्रक्रियाका बारेमा जानकारी गराउने र बदर मत घटाउने उद्देश्यका साथ निर्वाचन आयोगले देशभर सञ्चालन गरेको मतदाता शिक्षा कार्यक्रम सकिएको छ। आयोगले देशभरका ६ हजार ७ सय ४३ वटै वडामा एकैपटक मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो। आयोगको स्वीकृत कार्यक्रमअनुसार यही फागुन ३ गतेदेखि शुरू भएको मतदाता शिक्षा कार्यक्रम देशभरका ७ सय ५३ पालिकाका सबै वडामा हिजो सकिएको हो।

हरेक वडामा मतदाता शिक्षा कार्यक्रमका लागि मतदाता शिक्षा स्वयम्सेवक परिचालन गरिएको थियो। निर्वाचन आयुक्त डा.जानकीकुमारी तुलाधरले मतदाताको घरदैलोमा पुग्न सक्ने र आम नागरिकबीच भिजेका इमान्दार स्वयम्सेवकका कारण यो कार्यक्रम भव्य रूपमा सम्पन्न भएको बताउनुभयो। उहाँले महिला स्वास्थ्य स्वयम्सेविकाको योगदानको प्रशंसा गर्दै लक्षित कार्यक्रम सफल भएको उल्लेख गर्नुभयो।

मतदाता शिक्षा प्रदान गर्न स्वास्थ्य स्वयम्सेविकालाई २०७९ को चुनावदेखि जिम्मा दिन थालिएको थियो। आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रका माध्यमबाट चुनावको महत्त्व र मतदान प्रक्रियाबारे जानकारी दिइएको आयोगले जनाएको छ। यसैबीच आजराति १२ बजेदेखि मौन अवधि शुरू हुँदैछ। यो समयमा चुनाब प्रचारप्रसार तथा यससँग सम्बन्धित कुनै पनि गतिविधि गर्न नपाइने निर्वाचन आयोगले जनाएको छ। मौन अवधि मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने हुन्छ।

आयोगले यस अवधिमा चुनाव प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तक्रिया, सभा सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न नपाइने जनाएको छ। त्यस्तै मतदानस्थलको तीन सय मिटरवरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनुपर्ने छ भने कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र चुनाव प्रचारप्रसार गर्न पाइने छैन। आर्टिफिसियल इन्टेलिजेन्स ( एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्षमा मत माग्न पाइदैन। चुनावलाई नै असर पर्ने गरी कुनै उम्मेदवारले गतिविधि गरेमा मनोनयनपत्र नै खारेज पनि हुन सक्ने निर्वाचन आयोगले जनाएको छ।

**'मौन अवधि' ...**

३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ। यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजचार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन्। यस्तै एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदान स्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ। १४३ अस्थायी मतदानस्थल तय गरिएको छ। निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन्। निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदैछन्। आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कूल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ। यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन् ।

# घरपरिवारसँगै बसेर होली मनाउन स्थानीय प्रशासनको आग्रह

**मणिलाल विश्वकर्मा**

सिरहा, १८ फाल्गुन। सिराहाको स्थानीय प्रशासनले प्रतिनिधिसभा सदस्य निर्वाचनलाई असर नपर्ने गरी घरपरिवारसँगै बसेर रङहरूको पर्व होली तथा तथा फागुपूर्णिमा मनाउन आग्रह गरेको छ। सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले होली तथा फागुपूर्णिमा मनाउने सम्बन्धी सूचना जारी गर्दै आगामी तीन दिनपछि हुन गइरहेको मतदानलाई शान्तिपूर्ण, भयरहित र निष्पक्ष रूपले सम्पन्न गर्न निर्वाचनलाई असर पर्ने गरी सार्वजनिक स्थलमा कुनै पनि होली मिलन तथा अन्य कार्यक्रम नराख्न आग्रह गरेका छन्। 'मतदानमा सम्पूर्ण जिल्लावासी सक्रिय सहभागी हुने वातावरण सिर्जन गर्नु सबैको दायित्व हो,' सूचना भनिएको छ, 'त्यसैले आफ्नो घरपरिवारसँग बसेर शान्तिपूर्ण, सौहार्द तथा उल्लासपूर्ण रूपले होली मनाउन आग्रह गर्दछौं।'




सूचनामा होली तथा फागुपूर्णिमामा इच्छाविपरीत जबर्जस्ती रङ दल्ने, प्लास्टिकजन्य लोला हान्ने, फोहोर छ्याप्ने, बाटो हिँड्ने सर्वसाधारणलाई दुःख हैरानी दिने, बाटो अवरोध गरी रकम असुल्ने, मादक पदार्थ र नशालु पदार्थ खाने–खुवाउने नगर्न आग्रह गरिएको छ। 'होलीमा मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने, सार्वजनिक स्थलमा हो–हल्ला गर्ने, चर्को आवाजमा डिजे बजाउने तथा व्यक्तिको निजी जीवनमा असर पर्ने खालका कुनै पनि किसिमको कार्यहरू नगर्न–नगराउन सूचित गर्दछौं,' सूचनामा भनिएको छ, 'अन्यथा त्यस्ता अवाञ्छित क्रियाकलापहरू गरे–गराइएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरा जानकारी गराइन्छ।' आपसमा रङ–अबिर लगाएर शुभकामना आदान–प्रदान, नाचगान रमाइलो गरिने होली सोमबार पहाडी तथा मंगलबार तराईका जिल्लाहरूमा मनाइँदै छ।

# लागुऔषधसहित दुई पक्राउ

**विनय कर्ण**

सप्तरी, १८ फाल्गुन। सप्तरीको बलानबिहुल गाउँपालिकाबाट प्रहरीले लागुऔषध गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएको छ। गाउँपालिकाको वडा २ स्थित दिगियाबाट आइतबार राति विशेष सूचनाको आधारमा खटिएको संयुक्त प्रहरी टोलीले किशुन देव यादवको निर्माणाधीन तीनतले पक्की घरबाट ५८ किलो लागूऔषध सहित दुई जनालाई नियन्त्रणमा लिएको हो।

घटनास्थलबाट घरधनी ४५ वर्षीय किशुन देव यादव र घरको दोस्रो तल्लामा सुतिरहेका ४५ वर्षीय सुरेन्द्र यादवलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतम कुमार केसीले जानकारी दिनुभयो। जिल्ला प्रहरी कार्यालय सप्तरीबाट प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीको कमाण्डमा तथा प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षाका लागि धनुषाबाट खटिएका प्रहरी निरीक्षक खेमप्रसाद नेपालको नेतृत्वमा खटिएको टोलीले यादवको निर्माणाधीन तीनतले पक्की घरमा खानतलासी गरेको थियो।

सो क्रममा घरको तल्लो तलाबाट सेतो प्लास्टिकका तीन बोरा भित्र राखिएको गाँजाजस्तो देखिने पदार्थ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। पक्राउ परेका दुवै व्यक्ति, बरामद गाँजा तथा घटनासम्बन्धी सामग्री आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा राखिएको प्रहरीले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# चामबहादुरका एक्ला छोरा दिवस : फर्केर बिहे गर्छु भन्थे, यूएईमै अस्ताए

**विकास मरहट्टा**

काठमाडौं, १८ फाल्गुन। मध्यपूर्व द्वन्द्वको प्रसंग जोड्दै दुई दिनअघि उनले आफ्नो फेसबुकमा स्ट्याटस लेखेका थिए। भनेका थिए, 'समाचार हेरेपछि मेरो ध्यानाकर्षण भयो। अबुधाबीको बासिन्दाका हिसाबले यहाँको अवस्था के छ मलाई थाहा छ। केही रिपोर्टहरू बढाइचढाइ भएर आएका छन्।' तर, बिडम्बना यो नै उनको जीवनको अन्तिम स्ट्याटस बन्न पुग्यो। इरानको ड्रोन हमलामा उनी मारिए। कहिले नफर्किने गरी यूएईमै अस्ताए गोरखाका २९ वर्षीय दिवस श्रेष्ठ। अबुधाबीस्थित नेपाली राजदूतावासले सोमबार यसबारे जानकारी गराएको छ। 'अबुधाबीस्थित जायद अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा भएको घटनामा मिडिल इस्ट कम्पनीमा सेक्युरिटी गार्डको रूपमा कार्यरत नेपाली नागरिक दिवस श्रेष्ठ ( वर्ष २९, घर गोर्खा जिल्ला) को दुःखद निधन भएको सम्बन्धमा यूएईको पराराष्ट्र मन्त्रालयबाट आधिकारिक जानकारी प्राप्त भएको छ,' राजदूतावासले भनेको छ।

भीमसेन थापा गाउँपालिका–७ ठाटीबजार स्थायी घर भएका उनी काठमाडौंमा ओभरसियर पढ्दै थिए। सामान्य घरपरिवारमा जन्मेका दिवसमा एकाएक विदेश जाने सोच आयो। प्रक्रिया अघि बढाए। अनि तीन वर्षअघि वैदेशिक रोजगारीका लागि यूएई उडे। गत असोजमा उनी नेपाल फर्किएका थिए। घरपरिवारसँगै चाडबाड मनाए। खुसी साटासाट गरे। अर्को छुट्टीमा आउँदा बिहे गर्ने भनेर गएका उनी अब कहिल्यै नफर्किने गरी संसारबाट बिदा भए। मध्यपूर्वको द्वन्द्व चर्किएसँगै घरमा उनका परिवार आत्तिएका थिए। शनिबार साँझ दिवससँग उनका बुवा चामबहादुरको कुराकानी भएको थियो। तर त्यो नै अन्तिम कुराकानी हुन पुग्यो। 'त्यो दिनपछि सम्पर्क भएन,' बुवा चामबहादुरले भावुक हुँदै भने, 'भागदौडको क्रममा घुँडामा चोट लागेको छ भनेर उनका साथीहरूले भनेका थिए, तर आज यस्तो खबर आयो।'

भाइ (काकाको छोरा) सचिन श्रेष्ठका अनुसार दिवस अत्यन्तै मिलनसार र सहयोगी थिए। निकै सोझो पनि। 'एकदम सोझो हुनुहुन्थ्यो, दायाँबायाँ केही थिएन,' भावुक स्वरमा उनले भने, 'आज यस्तो भयो, के भन्ने खै !' चामबहादुरका एक्ला छोरा थिए दिवस। दुई सन्तानमध्ये छोरीको विवाह भइसकेको थियो। सुत्केरी छोरीको स्याहार सुसारका लागि चामबहादुरकी श्रीमती काठमाडौं थिइन्। घरमा चामबहादुर र उनकी आमा मात्र बस्छन्। सोमबार यो खबर पाएपछि गाउँ नै शोकमा डुबेको छ।

# मधेस झुक्यो भने अधिकार सुक्छः उपेन्द्र यादव

**मिथिलेश यादव**

सप्तरी, १८ फाल्गुन। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले आम मतदातालाई सुनियोजित रूपमा भ्रम फैलिएको भन्दै अफवाहको पछि नलाग्न आग्रह गरेका छन्। सप्तरी निर्वाचन क्षेत्र नम्बर–३ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार समेत रहेका यादवले निर्वाचन प्रचारप्रसारको अन्तिम दिन सार्वजनिक अपिल जारी गर्दै षड्यन्त्रपूर्ण जालझेलबाट सचेत रहन आग्रह गरेका हुन्। अध्यक्ष यादवले निर्णायक समयमा जनताको मतलाई कमजोर पार्न विभिन्न शक्तिहरू सक्रिय भएको दाबी गरे। उनले भने, 'योजनाबद्ध रूपमा फैलाइएको क्षणिक भ्रमले इतिहास बिर्सन लगाउन खोजिएको छ। तर सचेत मतदाता भ्रमित हुँदैनन्, उनीहरूले आफ्नो संघर्ष र इतिहास सम्झन्छन्।'



मतदातालाई क्षणिक प्रलोभनमा नपर्न आग्रह गर्दै यादवले स्वाभिमान र अधिकारको पक्षमा दृढतापूर्वक उभिन आह्वान गरे। 'आफ्नो त्याग, इतिहास र स्वाभिमानलाई सम्झनुहोस्। अधिकारको रक्षा गर्ने निर्णय लिनुहोस्,' उनले भने, 'सचेत मत, बलियो मधेस र सुरक्षित भविष्य नै हाम्रो साझा संकल्प हो।' मधेसको अधिकार, पहिचान र स्वाभिमान कसैको दान नभई लामो बलिदानीपूर्ण संघर्षको उपलब्धि भएको उनले स्मरण गराए। 'यो अधिकार कसैले उपहार दिएको होइन, मधेसले सडक र संसदमा लडेर हासिल गरेको हो,' अध्यक्ष यादवले भने, 'मधेसको दुःखसुख, आँसु र संघर्षमा निरन्तर साथ दिने एउटै शक्ति जसपा नेपाल हो।'

संघीयता, स्वायत्तता र लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध रहन आग्रह गर्दै उनले आसन्न निर्वाचन केवल प्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र नभई मधेसको भविष्यको दिशानिर्देश गर्ने अवसर भएको बताए। मधेसलाई कमजोर पार्ने षड्यन्त्र अन्ततः संघीयतालाई नै कमजोर बनाउने योजना रहेको उनको जिकिर छ। 'यदि हामी चुक्यौं भने अधिकार संकुचित हुन्छ, तर दृढ भयौं भने इतिहास सुरक्षित रहन्छ,' यादवले भने, 'मधेस झुक्यो भने अधिकार सुक्छ, मधेस उठ्यो भने लोकतन्त्र मजबुत हुन्छ।'

# मिथिला माध्यमिकी परिक्रमाका सहभागी जनकपुरधाममा

**धर्वेन्द्र झा**

जनकपुरधाम, १८ फाल्गुन। तराई–मधेश तथा मिथिला क्षेत्रको महाकुम्भ मानिने मिथिला माध्यमिकी परिक्रमाका सहभागीहरु आफनो सम्पूर्ण विश्राम स्थल पार गर्दै सोमबार जनकपुरधाम आइपुगेका छन्। जनकपुरधाम आइपुगेका मिथिला माध्यमिकी परिक्रमाका सहभागीहरु मंगलबार विहान जनकपुरधामको अन्तरगृह परिक्रमा गरेपछि यस वर्षको १५ दिवसीय मिथिला माध्यमिकि परिक्रमो समापन हुनेछ। प्रत्येक वर्ष फागुन शुल्कपक्ष प्रतिपदाका दिन धनुषाको मिथिला बिहारी नगरपालिका–८, कचुरीस्थित मिथिला बिहारी मन्दिरबाट निस्कने मिथिला विहारी (भगवान राम) को डोला र जनकपुरधामको रत्न सागर र अगनीकुण्डस्थित मन्दिरबाट निस्कने किशोरी जी (माता सीता) को डोलासहित विभिन्न मठ मन्दिरबाट निस्कने भगवान राम–सीताको डोला जनकपुरधामको हनुमान गढीमा सोही दिन दिउसो पुगेको छ।

सोपछि औपचारिकरुपमा परिक्रमाको सुरु भएको थियो। परिक्रमाका सहागीहरुले भारत विहारको कल्यानेश्वर, गृजास्थान, नेपालको मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, सतोषर, औरही, भारत विहारको करुणा, विशौलसहितको विश्रामस्थल खाली खुट्ट पारगरी सोमबार जनकपुरधाम आइपुगेको हो। परिक्रममाका सहभागीहरुले यस १५ दिनको अवधिमा नेपालको ११ र भारत विहारको ४ गरी १५ वटा विश्राम स्थलमा विश्राम गरी खाली खुट्ट१३३ किलोमिटरको यात्रा तय गरेको छ। रामायणकालीन मिथिला माध्यमिकी परिक्रमालाई नेपाल र भारत विचको धार्मिक, साँस्कृतिक एवम् पारम्पारिक सदभावको अदभुत उदाहरणको रुपमा लिइएको जानकी मन्दिरका उत्तराधिकारी महन्थ राम रोशन दासले बताउनुभयो।

जनकपुरधाममा मिथिला माध्यमिकी परिक्रमा सम्पन्न भएको भोलिपल्ट होली खेल्ने चलन रहेको छ। परिक्रमाका सहभागीहरुको मध्यनजर गर्दै जनकपुरधामको सुरक्षा व्यवस्था कडा पारिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।
समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो।
छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकारः** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)